स्थानीय सरकार
लुम्बिनी साँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७१-५८०३०५, ०७१-५८०३४९
Email: Lumbiniculturalmunicipality@gmail.com
: Website: lumbinisanskritikmun.gov.np

पत्र संख्या : २०८३।०८४
च.न 98

मिति :२०८३।०७।१२ गते

सूचना संशोधन गरिएको सम्बन्धी सूचना।

प्रस्तुत सम्बन्धमा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी तथा सर्जिकल सामाग्रीहरु खरिद सम्बन्धी मिति २०८३।०७।१० गते बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएकोमा बोलपत्र खरिद गर्ने समय २०८३।०७।३० गते कार्यालय समय सम्म र दर्ता गर्ने समय मिति २०८३।०८।०१ गते १२ बजे भित्र तथा बोलपत्र खोल्ने समय २०८३।०८।०१ गते दिउसो २ बजे हुनुपर्नेमा अन्यथा भएकोले सूचना संशोधन गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८३।०७।१२

मोहन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मोहन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी तथा सर्जिकल सामग्रीहरु खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८३-०७-१०

आ.व. २०८३/०८४ मा यस कार्यालयको लागि आवश्यक विभिन्न आधारभूत तथा अत्यावश्यक औषधी तथा सर्जिकल सामग्रीहरु बोलपत्र आव्हान गरी खरिद गर्नुपर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रहि बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र दर्ता गर्न इच्छुक फर्म वा कम्पनीले आफ्नो कम्पनी/फर्मको चालु आ.व. २०८३/०८४ मा नवीकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरुका साथका कृषि विकास बैक लुम्बिनीमा रहेको **आन्तरिक राजश्व खाता नं ग ११, ०४१४९०११४६११००७९** मा रु. ३,०००।०० नगदै जम्मा गरेको बैंक भौचर सहित बोलपत्र फाराम नगरपालिकाको स्वास्थ्य शाखा मार्फत मिति २०८३।०७।२७ गते सम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।साथै मिति २०८३।०७।३० गते १२ बजेभित्र बोलपत्र दर्ता गर्न सकिनेछ ।यसरी दर्ता हुने बोलपत्रहरु मिति २०८३।०७।३० गते दिनको २:०० बजे लुम्बिनी साँस्कृतिक नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

२. बोलपत्र खरिद कर्ताले धरौटी बापत तोकिएको रकम यस कार्यालयको, लुम्बिनीको कृषि विकास बैंक, लुम्बिनी शाखामा रहेको धरौटी खाता नं. ०४१४९०११४६११०१३३, ग-३ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा सोही रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको १२० दिन सम्म म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड। बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्ने छ ।

३. बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

४. प्रचलित नियमानुसार रीत नपुगेको र म्याद नाघी आएको र शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

५. दर्ता भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

६. एक आपसमा मिलिमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्वीकार गरिने छैन ।

७. वोलपत्रमा आईटम वाइज, दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर विचमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । भ्याट लाग्ने औषधी र सर्जिकल समाग्रीहरुको भ्याट समेत खुलाई कबोल गर्नुपर्नेछ ।

८. बोलपत्रका साथमा WHO/GMP Certificate प्राप्त कम्पनीहरुबाट उत्पादित औषधीहरु मात्र उपलब्ध गराउनुपर्नेछ । साथै औषधि व्यवस्था विभागबाट प्राप्त उत्पादन अनुज्ञापत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । विदेशी औषधिहरुको हकमा विश्व स्वास्थ्य संगठनबाट कुशल उत्पादन प्रकृया कागजको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

९. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहिमा आफनो स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

१०. उत्पादक वा अधिकृत वितरकबाट औषधि आपुर्ति गर्न मञ्जुरीपत्र लिएको हुनु पर्नेछ । साथै त्यस्ता वितरकको अधिकारपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

११. सप्लाई हुने औषधीको प्रत्येक प्याकिङ्गको वाहिर उत्पादन मिति, Expiry मिति, व्याच नम्बर तथा नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ ।

१२. विदेशी औषधीको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१३. औषधी उपलब्ध गराउदा औषधीको Expiry म्याद कम्तिमा १८ महिना अथवा ७५ प्रतिशत भन्दा बढी म्याद बाँकी रहेको उपलब्ध हुनुपर्नेछ ।

१४. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (शंशोधन सहित)तथा प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१५. वोलपत्र आईटम वाईज मूल्यांकन नगरी एकमुष्ठ आधारमा गरिने छ ।

मोहन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

क. सं.	ठेक्का नं.	कामको विवरण	दरभाउ दस्तुर (फिर्ता नहुने गरी)	जमानत रकम	कुल रकम (भ्याट समेत)
१	LCM-NCB-Good-01-2083/084	आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी तथा सर्जिकल सामग्रीहरु खरिद	रु. ३,०००।००	रु. ८५,०००।००	रु. ३३७८०३६

लुम्बिनी सांस्कृतिक नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मोहन अर्याल
प्रमुख प्रशासकीय अधिकृत